कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

## कर्मचारी बढुवा प्रतियोगिता सम्वन्धी सूचना

**प्रकाशन मितिः २०८१/०५/०७**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको देहाय बमोजिमका रिक्त पदमा बढुवा प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले कृषि तथा वन विज्ञान विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अंक विभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधि, २०७० बमोजिम बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता र एक श्रेणी मुनिको सम्बन्धित सेवा समूहको पदमा ५ वर्ष र महिला, मधेशी, आदिवासी जनजाती, दलित, पिछडिएको क्षेत्र तथा अपाङ्गता भएकाहरूको हकमा ४ बर्ष स्थायी सेवा अवधि पूरा गरेका उम्मेदवारहरूले सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/०६/१० गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०८१/०६/१७ गतेसम्ममा सेवा आयोगको कार्यालय रामपुर, चितवनमा दरखास्त दिनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । दरखास्त फाराम सेवा आयोगको वेबसाइट www.afu.edu.np बाट प्राप्त गर्न सकिनेछ।

| क्र.सं. | बिज्ञापन नं. | पद | श्रेणी/तह | पद संख्या |
|---|---|---|---|---|
| १. | १/०८१/०८२ | उपप्रशासक | अधिकृत द्वितीय | १ |
| २. | २/०८१/०८२ | लेखा नियन्त्रक | अधिकृत द्वितीय | १ |
| ३. | ३/०८१/०८२ | सहायक प्रशासक | अधिकृत तृतीय | १ |
| ४. | ४/०८१/०८२ | हेड असिष्टेन्ट | सहायक प्रथम | १ |
| ५. | ५/०८१/०८२ | टाइपिष्ट 'ख' | सहायक प्रथम | १ |
| ६. | ६/०८१/०८२ | बरिष्ठ ल्याब ब्वाई/ल्याब असिष्टेन्ट/बरिष्ठ ड्रेसर | सहायक प्रथम | १ |

**उम्मेदवारको दरखास्त दिँदा पेश गर्नुपर्ने कागजातहरूः**

१. आवदेनका साथ सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (२/२ प्रति)।

२. विदेशी विश्वविद्यालयबाट प्राप्त गरेका शैक्षिक प्रमाणपत्र भए कृषि तथा वन विज्ञान विश्वविद्यालय वा त्रिभुवन विश्वविद्यालयबाट समकक्षताको प्रमाणपत्र ।

३. श्रेणी नखुलेका शैक्षिक योग्यताको प्रमाण पत्रको हकमा श्रेणी खुलाएको पत्रको प्रमाणित प्रतिलिपि ।

४. स्थायी नियुक्तीपत्र, समायोजन नियुक्ति तथा तालिम सम्बन्धी प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।

५. अटुट रूपमा कार्य गरेको अनुभव सम्बन्धी कागजातको प्रतिलिपि ।

६. कृषि तथा वन विज्ञान विश्वविद्यालय बाहिर अन्य संस्थामा बेतलबी काजमा काम गरेको भए वा अध्ययन विदा वा बेतलबी बिदा लिएको भए सो को अवधि खुल्ने कागजातको प्रतिलिपि ।

७. ब्यक्तिगत बायोडाटा २ प्रति ।

८. दरखास्त फारम साथ आवेदन शुल्क र परीक्षा दस्तुर वापत अधिकृत द्वितीय स्तरका लागि रू.३०००।-, अधिकृत तृतीय स्तरका लागि रू.२५००।- र सहायक प्रथम स्तरका लागि रू.२०००।-, नेपाल बैंक लिमिटेड, रामपुर शाखामा रहेको **सेवा आयोगको कार्यालय** खाता नं. ०८५००१०७५४८६६५००००००१ मा जम्मा गरेको सक्कल भौचर ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

## आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**प्रकाशन मितिः २०८१/०५/०७**

यस विश्वविद्यालयमा रिक्त रहेका देहायका पदहरू आन्तरिक, खुला तथा समावेशी प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकोले आन्तरिक प्रतियोगितातर्फ आवेदित पद भन्दा १ तह मुनिको श्रेणीमा ५ वर्ष र महिला, मधेशी, आदिवासी जनजाती, दलित, पिछडिएको क्षेत्र तथा अपाङ्गता भएकाहरूको हकमा ४ बर्ष स्थायी सेवा अवधि पूरा भएका एवम् न्यूनतम् शैक्षिक योग्यता पुगेका कर्मचारीहरु तथा खुलातर्फ तोकिएको मापदण्ड पूरा गरेका योग्य नेपाली नागरिकहरूबाट दरखास्त आब्हान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ७/०८१/०८२ | उपप्रशासक | अधिकृत द्वितीय | आन्तरिक | १ |
| २. | ८/०८१/०८२ | लेखा नियन्त्रक | अधिकृत द्वितीय | आन्तरिक | १ |
| ३. | ९/०८१/०८२ | सहायक प्रशासक | अधिकृत तृतीय | खुला | १ |
| ४. | १०/०८१/०८२ | सहायक प्रशासक | अधिकृत तृतीय | मधेशी | १ |
| ५. | ११/०८१/०८२ | लेखा अधिकृत | अधिकृत तृतीय | आन्तरिक | १ |
| ६. | १२/०८१/०८२ | लेखा अधिकृत | अधिकृत तृतीय | खुला | १ |
| ७. | १३/०८१/०८२ | लेखा अधिकृत | अधिकृत तृतीय | मधेशी | १ |
| ८. | १४/०८१/०८२ | आइटी अफिसर | अधिकृत तृतीय | खुला | १ |
| ९. | १५/०८१/०८२ | भण्डार अधिकृत | अधिकृत तृतीय | खुला | १ |
| १०. | १६/०८१/०८२ | ल्याब अधिकृत | अधिकृत तृतीय | खुला(महिला) | १ |
| ११. | १७/०८१/०८२ | बरिष्ठ इलेक्ट्रिसियन | अधिकृत तृतीय | खुला(महिला) | १ |
| १२. | १८/०८१/०८२ | हेड असिष्टेण्ट | सहायक प्रथम | खुला | १ |
| १३. | १९/०८१/०८२ | हेड असिष्टेण्ट | सहायक प्रथम | महिला | १ |
| १४. | २०/०८१/०८२ | हेड असिष्टेण्ट | सहायक प्रथम | मधेशी | १ |
| १५. | २१/०८१/०८२ | लेखापाल | सहायक प्रथम | खुला | १ |

**परीक्षाको किसिमः**

-आन्तरिकतर्फः लिखित र अन्तर्वार्ता

-खुलातर्फः कम्प्युटर सिप परीक्षण, लिखित र अन्तर्वार्ता

**संलग्न गर्नुपर्ने कागजातहरूः** विश्वविद्यालयको वेभसाइटबाट डाउनलोड गरी रितपूर्वक भरिएको आवेदन फारम, सबै शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि र नागरिकताको प्रमाणित प्रतिलिपिका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपी, नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र, अनुभव आवश्यक पर्ने पदहरूका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई सम्पूर्ण विवरणहरूको दुई/दुई प्रति पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०८१/०६/१० र दोब्बर दस्तुर तिरी २०८१/०६/१७ गतेसम्म ।

**उम्मेदवारको उमेर हद :** मिति २०८१/०६/१० सम्म अधिकृतस्तरका पदहरूको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, सहायकस्तर पदको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । महिलाको हकमा ४० वर्ष ननाघेको । ***(कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लागु हुने छैन ।)***

**लिखित परीक्षा मिति :** आवेदन दिने म्याद समाप्ती पछि सूचना प्रकाशन गरिनेछ ।

**आवेदन तथा परीक्षा दस्तुरः** दरखास्त फारम साथ आवेदन शुल्क र परीक्षा दस्तुर वापत अधिकृत द्वितीय स्तरका लागि रू.३०००।-, अधिकृत तृतीय स्तरका लागि रू.२५००।- र सहायक प्रथम स्तरका लागि रू.२०००।-, नेपाल बैंक लिमिटेड, रामपुर शाखामा रहेको **सेवा आयोगको कार्यालय** खाता नं. ०८५००१०७५४८६६५००००००१ मा जम्मा गरेको सक्कल भौचर र खुलातर्फ समावेशी समूहको विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि २५ प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त बुझाउने स्थानः** सेवा आयोगको कार्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन ।

**आवश्यक न्यूनत्तम योग्यता :**

**आन्तरिक प्रतियोगिता तर्फ :**

कृषि तथा वन विज्ञान विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्यांकन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधि, २०७० को दफा ३.१ बमोजिम योग्यता पुगेको र दफा १४.१ बमोजिम अयोग्य नभएको ।

**खुलातर्फको शैक्षिक योग्यता:**

१. **सहायक प्रशासक:** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण ।

२. **भण्डार अधिकृत:** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण ।

३. **आइटी अफिसर**: आई.टी. विषयमा स्नातक तह उत्तीर्ण गरेको अथवा बि.एस्सी आई.टी. विषयमा स्नातक तह उत्तीर्ण गरेको अथवा बि.एस्सी. CSIT (Computer Science and Information Technology) उत्तीर्ण गरेको अथवा Computer Science मा स्नातक तह उत्तीर्ण गरेको ।

४. **लेखा अधिकृत:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

५. **ल्याब अधिकृत:** मान्यता प्राप्त शिक्षण संस्थाबाट Medical Laboratory Techonlogy विषयमा स्नातक तह (BMLT) वा सो सरह उत्तीर्ण ।

६. **वरिष्ठ इलेक्ट्रिसियन:** मान्यता प्राप्त शिक्षण संस्थाबाट इक्लेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

७. **हेड असिष्टेण्ट:** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

८. **लेखापाल:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्दछ ।

(क) **आदिवासी/जनजातिका हकमा:** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) **मधेसीका हकमा:** नेपाल सरकारले नेपाल राजपत्रमा तोके बमोजिमको संस्थाबाट मधेसी प्रमाणित गरेको प्रमाणपत्र ।

वा स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी प्रमाणित गरिएको प्रमाणपत्र ।

(ग) **दलितका हकमा:** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर प्रमाणित गराएको प्रमाणपत्र ।

**द्रष्टव्य:**

१. प्रत्येक सेवा अन्तर्गत खुला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने लिखित परीक्षाहरू एकै चरणमा लिइनेछ ।

२. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनुपर्नेछ ।

३. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनपर्नेछ ।

४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

५. लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

६. खुला प्रतियोगिता अन्तर्गत आवेदन दिने आवदेकहरू लिखित परीक्षामा सम्मिलित हुन कम्प्युटर सिप परीक्षणमा उत्तीर्ण हुनुपर्नेछ ।

७. पाठ्यक्रम विश्वविद्यालयको वेबसाइट www.sc.afu.edu.np बाट प्राप्त गर्न सकिने छ ।

८. थप जानकारी आवश्यक परेमा सेवा आयोगको कार्यालय रामपुर, चितवनमा सम्पर्क गर्न सकिनेछ ।

अध्यक्ष